# गोपनीयता कार्यप्रणालीको सूचनापत्र

## यस सूचनापत्र अक्टोबर 1, 2013 बाट लागू हुनेछ

**कृपया ध्यानपूर्वक समीक्षा गर्नुहोस्**

निःशुल्क दोभाषे सेवाहरू उपलब्ध छन्

यदि तपाईंलाई यस सूचनापत्रलाई पढ्न वा बुझ्नको लागि दोभाषे वा अन्य सहायताहरू चाहियो भने, कृपया हामीलाई भन्नुहोस्। कल गर्नुहोस्: ***1-(855) 899-9600***

Cette lettre est importante. Si vous ne la comprenez pas, apportez-la a votre bureau local pour recevoir de l'aide. कल गर्नुहोस्: ***1-(855) 899-9600***

Esta carta es importante. Si no la entiende, llevela a su oficina local para solicitor ayuda. कल गर्नुहोस्: ***1-(855) 899-9600***

Ovaj dopis je vazan. Ukoliko je nerazumljiv za vas onda ga ponesite I obratite se lokalnoj kancelariji za pomoc. कल गर्नुहोस्: ***1-(855) 899-9600***

Barua hii ni muhimu. Kama huielewi, ichukue, uende nayo katika ofisi yako ya karibu kwa msaada zaidi. कल गर्नुहोस्: ***1-(855) 899-9600***

Dokumentigan ama qoraalkan waa muhiim. Haddii aadan fahmin, waxaad u qaadaa xafiiskaaga degaanka si aad caawimaad u hesho. □□ □□□□□□□□□: ***1-(855) 899-9600***

यो दस्तावेज महत्त्वपूर्ण छ। यदि तपाईंले यसलाई बुझ्नुभएन भने मद्दतको लागि यसलाई आफ्नो स्थानीय कार्यालयमा लिएर जानुहोस्। □□ □□□□□□□□□: ***1-(855) 899-9600***

ဤစာရွက်စာတမ်းသည် အရေးကြီးပါသည်။ သင်နားမလည်လျှင်၊ သင်၏နယ်မြေရုံးခန်းသို့အကူအညီရရန် ယူဆောင်သွားပါ။ □□ □□□□□□□□□: ***1-(855) 899-9600***

यो सूचनाले तपाईंको बारेमा रहेको व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीलाई कसरी प्रयोग तथा खुलासा गर्न सकिन्छ र तपाईंले यस जानकारीको पहुँच कसरी पाउन सक्नुहुन्छ भन्ने कुराको व्याख्या गर्छ।

व्यक्तिहरू र व्यवसायहरूलाई स्वास्थ्य बीमा खरीद गर्न मद्दत गर्नको लागि भरमन्टले भरमन्ट हेल्थ कनेक्ट ("VHC") को स्थापना गरेको छ। VHC को स्थापना गर्नुको एउटा आवश्यकता भनेको भरमन्टले यसलाई व्यक्तिहरू र व्यवसायहरूलाई बीमामा नाम दर्ता गराउन मद्दत गर्न चाहिने व्यक्तिगत जानकारीहरूको गोपनीयताको रक्षा गर्ने प्रतिज्ञा गर्नु हो। गोपनीयता कार्यप्रणालीको सूचनापत्र ("सूचनापत्र") ले व्यक्तिगत जानकारीको रक्षा गर्न भरमन्टले के-के गर्नेछ भन्ने कुराको व्याख्या गर्छ।

सूचनापत्रले VHC मा व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी ("PII") को सङ्कलन, प्रयोग, खुलासा र भण्डारणको सम्बन्धमा बिरामी संरक्षाण र वहन योग्य स्याहार ऐन ("ACA") को अनुपालन गर्छ।

भरमन्ट हेल्थ कनेक्टलाई मानवीय सेवा निकायमा रहेको भरमन्ट स्वास्थ्य पहुँच विभागमा राखिनेछ। PII को गोपनीयताको रक्षा गर्न भरमन्टले गरेको प्रतिज्ञाले मानवीय सेवा निकायको साथसाथै यसका ठेकेदारहरू र अनुदान ग्राहीहरूलाई बाध्यकारी बनाउँछ।

---

## व्यक्तिगत रूपमा पहिचान योग्य जानकारीको सम्बन्धमा गोपनीयता कार्यप्रणालीहरू

### व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी (**“PII”**) भनेको के हो?

गोपनीयता कार्यप्रणालीको सूचनापत्र

यस सूचनापत्र अक्टोबर **1, 2013** बाट लागू हुनेछ

कृपया ध्यानपूर्वक समीक्षा गर्नुहोस्

यो भरमन्ट मानवीय सेवा निकाय, यसका ठेकेदारहरू र अनुदान ग्राहीहरू ("AHS") ले सिर्जना गरेको वा प्राप्त गरेको कुनैपनि जानकारी हो जसलाई एकल रूपमा तपाईंलाई पहिचान गर्न प्रयोग गर्न सकिन्छ (जस्तै तपाईंको नाम वा सामाजिक सुरक्षा नम्बर), वा तपाईंलाई पहिचान गर्न तपाईंसँग सम्बन्ध जोड्न योग्य अन्य जानकारीसँगको संयोजनमा प्रयोग गर्न सकिन्छ (जस्तै तपाईंको आमाको विवाहपूर्वको नाम)। PII को उदाहरणहरू निम्न छन्:

- नाम
- सामाजिक सुरक्षा नम्बर
- जन्म मिति र जन्मेको स्थान
- ठेगाना
- फोन नम्बर
- बायोमेट्रिक जानकारी, जस्तै औँठा छापहरू
- इमेल ठेगानाहरू
- क्रेडिट कार्ड नम्बरहरू

**AHS ले मबाट VHC को लागि कस्ता खालका PII सङ्कलन गर्नेछ?**

AHS ले तपाईंको नाम, ठेगाना, सामाजिक सुरक्षा नम्बर, तपाईंको घरेलू आम्दानीको विषयमा सङ्घीय कर जानकारी, नागरिकता तथ्याङ्क, नामांकन अभिलेखहरू, गर्भावस्था, वा विकलाङ्गता जस्ता जानकारी सङ्कलन गर्न सक्छ।

AHS ले तपाईंका चिकित्सा अभिलेखहरू, तपाईंका स्वास्थ्य स्याहार प्रदायकहरू वा तपाईंका बीमा कम्पनीहरूबाट जानकारी सङ्कलन गर्नेछैन। VHC मा प्रविष्टि गरिएको स्वास्थ्य जानकारी, यदि कुनै भएमा, सीमित हुनेछ र तपाईंबाट प्राप्त गरिनेछ।

**मेरो PII सँग AHS ले के गर्छ?**

गोपनीयता कार्यप्रणालीको सूचनापत्र

यस सूचनापत्र अक्टोबर **1, 2013** बाट लागू हुनेछ

कृपया ध्यानपूर्वक समीक्षा गर्नुहोस्

तपाईंलाई वहन योग्य स्वास्थ्य स्याहार बीमामा नाम दर्ता गराउन मद्दत गर्न AHS ले तपाईंको जानकारी सङ्कलन, प्रयोग र भण्डारण गर्नेछ। यसलाई पूरा गर्न AHS ले न्यूनतम आवश्यक PII सङ्कलन गर्नेछ।

AHS ले तपाईंको PII निम्न कार्यहरू गर्न प्रयोग गर्न सक्छ:

- VHC मा बिक्रीको लागि योग्य स्वास्थ्य योजनाहरू मध्ये एकमा नामांकनको लागि योग्यता निर्धारण गर्न;
- अन्य स्वास्थ्य सुविधा कार्यक्रमहरूको लागि योग्यता निर्धारण गर्न, जस्तै Medicaid;
- आर्थिक सहायताको लागि योग्यता निर्धारण गर्न; र
- गुणस्तर नियन्त्रण र सुधारात्मक क्रियाकलापहरूमा संलग्न हुन।

के मेरो **PII** को स्रोत केवल म मात्र हुनेछु**?**

अनिवार्य रूपमा छैन। AHS ले Medicaid कार्यक्रम वा IRS जस्ता राज्यको वा सङ्घीय तथ्याङ्क स्रोतहरूबाट केही जानकारी सङ्कलन गर्न सक्छ। पहिचान प्रमाणित गर्न क्रेडिटको प्रतिवेदन दिने निकायहरूबाट पनि केही तथ्याङ्कहरू प्रयोग गरिन्छ।

मेरो **PII** को प्रयोगको विषयमा मेरा अधिकारहरू के-के हुन्**?**

- **PII** को पहुँच गर्ने अधिकार। तपाईंले आफूले पढ्न सक्ने ढाँचामा तपाईंको PII को एउटा समयोचित प्रति हेर्न वा हासिल गर्नको लागि अनुरोध गर्न सक्नुहुन्छ। तपाईंको PII लाई असावधानीपूर्ण रूपमा खुलासा गरिएको छैन भन्ने कुरा निश्चित गर्न, AHS ले तपाईंले ऊ वा उनीलाई तपाईंको PII हासिल गर्न निर्दिष्ट गर्नुभएको छ भन्ने कुरा निश्चित गर्न तपाईंको, वा तपाईंको PII को लागि अनुरोध गरिरहेको व्यक्तिको पहिचान प्रमाणित गर्छ। तपाईंको PII को एउटा प्रतिको लागि अनुरोध गर्न, कृपया तलको सम्पर्क जानकारी प्रयोग गरेर हाम्रो गोपनीयता अधिकृतलाई सम्पर्क गर्नुहोस्।

- संशोधन गर्ने अधिकार। तपाईंसँग आफ्नो PII को सत्यता वा पूर्णता प्रति समयोचित तरिकाले प्रतिवाद गर्ने अधिकार छ, र यदि तपाईंको अनुरोधलाई अस्वीकार गरियो भने या त गलत जानकारीलाई सच्याउने वा प्रतिवादको लिखित प्रमाण प्रस्तुत गर्ने अधिकार छ।

- व्यक्तिगत विकल्प चयन गर्ने अधिकार। तपाईंसँग आफ्नो PII को सङ्कलन, प्रयोग र खुलासाको बारेमा सुविज्ञ निर्णयहरू गर्न उचित अवसर पाउने अधिकार छ। यदि तपाईसँग आफ्नो PII को बारेमा प्रशनहरू छन् भने, कृपया तलको सम्पर्क जानकारी प्रयोग गरेर हाम्रो गोपनीयता अधिकृतलाई सम्पर्क गर्नुहोस्।

- **PII** को सीमित प्रयोगको अधिकार। VHC ले तपाईंको PII लाई वहन योग्य स्वास्थ्य स्याहार फेला पार्न र तपाईं त्यसमा नामांकित गर्ने सीमित उद्देश्यलाई पूरा गर्नको लागि सिर्जना, प्रयोग र खुलासा गरेको हुन्छ र यसलाई गैरकानूनी ढङ्गले भेदभाव गर्न प्रयोग गरिँदैन भन्ने कुराको अपेक्षा गर्ने अधिकार तपाईंसँग छ।

- तथ्याङ्कको गुणस्तर र पूर्णताको अधिकार। तपाईंसँग तपाईंको PII पूर्ण, सही र अद्यतन छ, र यसलाई अनुचित ढङ्गले बदलिएको वा नाश गरिएको छैन भन्ने कुरालाई निश्चित गर्न उचित कदमहरू चाल्ने अधिकार छ।

- थप जानकारीको अधिकार यदि तपाईं आफ्नो गोपनीयता अधिकारको बारेमा थप जानकारी चाहनुहुन्छ भने, हामीले तपाईंको गोपनीयता अधिकारहरूको उल्लङ्घन गरेका छौं भनेर चिन्तित हुनुहुन्छ भने, वा तपाईंको PII को पहुँचको बारेमा हामीले गरेको निर्णयसँग असमर्थ हुनुहुन्छ भने, तपाईंले हाम्रो गोपनीयता कार्यालयलाई सम्पर्क गर्न सक्नुहुन्छ।

यस सूचनापत्रका शर्तहरू परिवर्तन गर्ने हाम्रो अधिकार

हामी कुनैपनि समयमा यस सूचनापत्रको शर्तहरू परिवर्तन गर्न सक्छौं। यदि हामीले यस सूचनापत्रलाई परिवर्तन गर्‍यौं भने, हामीले नयाँ सूचनापत्र शर्तहरूलाई, नयाँ सूचनापत्र जारी गर्नु पूर्व हामीले सिर्जना गरेको वा प्राप्त गरेको कुनैपनि जानकारी सहित हामीले राख्ने सबै वा तपाईंको जानकारीको लागि प्रभावशाली बनाउन सक्छौं। हामी कुनैपनि नयाँ सूचनापत्रलाई हाम्रो वेबसाइटमा जारी गर्नेछौं। तपाईंले गोपनीयता कार्यालयमा सम्पर्क गरेर पनि कुनैपनि नयाँ सूचनापत्र हासिल गर्न सक्नुहुन्छ।

गोपनीयता कार्यप्रणालीको सूचनापत्र

यस सूचनापत्र अक्टोबर **1, 2013** बाट लागू हुनेछ

कृपया ध्यानपूर्वक समीक्षा गर्नुहोस्

तपाईंसँग भएको कुनैपनि अपील गर्ने अधिकारहरू सहित, यस सूचनापत्र वा तपाईंको **PII** अधिकारहरूको बारेमा कुनैपनि प्रश्नहरूको लागि कृपया निम्नमा सम्पर्क गर्नुहोस्:

VHC कल सेन्टर

फोनद्वारा**(855) 899-9600** मा, वा

इमेलद्वारा AHS.PrivacyandSecurity@State.vt.us मा